अनुसूची (२)

(दफा ४ तथा अनसूची–१ को भाग–२ सँग सम्बन्धित)

दोरम्बा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र


खण्डः ७ संख्याः २०७६

मितिः २०७६/०९/१०


भाग–२

दोरम्बा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप

३ नं. प्रदेश, नेपाल

## दोरम्बा गाउँ कार्यपालिकाको कार्यालयको सुचना

दोरम्बा गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

## विक्रम सम्वत २०७६ सालको कार्यविधि नं. ७

## दोरम्बा गाउँपालिका भित्रका युवालाई खेलकुद तर्फ परिचालन गर्नका लागी बनेको कार्यविधि



Scanned with CamScanner

**प्रस्तावना :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र दोरम्बा गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को अधिनमा रहि गाउँपालिका भित्र खेल क्षेत्रको विकास साथै युवा तथा बालबालिकाहरूको खेल क्षेत्रबाट क्षमता अभिवृद्धि गरि स्वास्थ्यको लागि खेलकुद, युवाको लागि खेलकुद र राष्ट्रको लागि खेलकुद मार्फत स्वस्थ र समुन्नत समाज निर्माण गर्ने यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम दोरम्बा गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि, २०७६ रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरून्त लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कार्यविधिः भन्नाले दोरम्बा गाउँपालिका युवा तथा खेलकुद विकास सम्बन्धि कार्यविधि २०७६ भन्ने सम्झनुपर्छ ।

ख) समितिः भन्नाले परिच्छेद ३ बमोजिम स्थापना भएको दोरम्बा गाउँपालिका युवा तथा खेलकुद विकास समिति सम्झनुपर्छ ।

ग) संयोजकः भन्नाले गाउँपालिका युवा तथा खेलकुद विकास समितिको संयोजकलाई सम्झनुपर्छ ।

घ) सदस्यः भन्नाले समितिको सदस्य सम्झनुपर्छ सो शब्दले समितिको संयोजकलाई समेत जनाउँदछ ।

ङ) अध्यक्षः भन्नाले वडा युवा तथा खेलकुद विकास समितिको अध्यक्षलाई सम्झनुपर्दछ ।

च) वडा युवा तथा खेलकुद विकास समितिः भन्नाले परिच्छेद ४ बमोजिम दोरम्बा गाउँपालिका भित्रका वडामा गठन भएका वडा युवा तथा खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।



## परिच्छेद -२

**३. उदेश्यः**

यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहेका छन् ।

क) युवा तथा खेलकुद गतिविधिलाई संस्थागत रूपमा विकास गर्ने ।

ख) गाउँको कला, संस्कृति र खेलकुद विकास मार्फत आम युवा जनशक्तिलाई खेलकुदमा आकर्षित गर्ने ।

ग) यस दोरम्बा गाउँपालिका भित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरू उत्पादन गर्ने ।

घ) खेलकुदमा गरिएको लगानी मार्फत स्वस्थ जनशक्तिको उत्पादन गर्ने ।

ङ) गाउँपालिका भित्र मैत्रीपुर्ण तथा प्रतिस्पर्धात्मक खेलकुद कार्यक्रमहरू संचालन गरी गुणस्तरीय युवा तथा खेलकुद कार्यक्रम प्रवर्द्धन गर्ने ।

छ) युवा तथा खेलकुद विकासका लागि आवश्यक पर्ने भौतिक पुर्वाधार खेलकुद सामाग्री लगायत आवश्यक पर्ने कुराहरू प्रवर्द्धन गर्ने ।

**४. कार्यविधिको पालना :**

यस दोरम्बा गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि गाउँ खेलकुद विकास समिति, वडा खेलकुद विकास समिति र खेलकुद सँग सरोकार राख्ने सम्पुर्ण स्थानिय नागरिकले पालना गर्नुपर्नेछ ।

## परिच्छेद-३

**५. गाउँपालिका युवा तथा खेलकुद विकास समितिः**

यस दोरम्बा गाउँ कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी एक गाउँ खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

क) दोरम्बा गाउँपालिकाको उपाध्यक्ष - संयोजक

ख) प्रत्येक वडा युवा तथा खेलकुद समितिको अध्यक्ष - सदस्य

ग) गाउँपालिका भित्र रहेका युवा खेलाडिहरू मध्येबाट महिला, आ.ज, दलित समावेश हुने गरी गाउँ कार्यपालिकाबाट मनोनित कम्तीमा २ जना महिला सहित -४ जना सदस्य



Scanned with CamScanner

घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी - सदस्य सचिव

## ६. गाउँपालिका युवा तथा खेलकुद विकास समितिको काम कर्तव्य र अधिकारः

गाउँपालिका युवा तथा खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) खेलकुदको स्तरमा वृद्धि गर्न समय समयमा वडा र गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने ।

ख) गाउँ कार्यपालिकालाई खेलकुद सम्बन्धी कुरामा सल्लाह दिने ।

ग) खेलकुद विकासका लागि आवश्यकतानुसार रंगशाला तथा खेलकुद मैदानको निर्माण गरि तिनिहरूको संरक्षण तथा रेखदेख गर्न ।

घ) खेलकुद सम्बन्धी संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने ।

ङ) खेलकुद सम्बन्धी संस्थालाई समय समयमा आवश्यक निर्देशन दिने ।

च) खेलकुदको विकासका लागि अन्य आवश्यक व्यवस्थाहरू गर्ने गराउने ।

# परिच्छेद -४

## ७. वडा युवा तथा खेलकुद विकास समितिः

क) वडाभित्र खेलकुद क्षेत्रमा क्रियाशिल रहेका व्यक्तिबाट कम्तीमा १ महिला सहित बढीमा ७ सदस्यीय कार्य समिति रहनेछ ।

ख) कार्य समितिको चयन सर्वसम्मत तवरले गरिनेछ । सर्वसम्मत हुन नसकेमा वडा भित्रका क्रियाशिल खेलाडीबाट वडा समितिले सिफारिस गरेको १५ जनाको नामबाट कार्यपालिकाको बैठकबाट टुङ्गयाइनेछ ।

ग) सदस्यहरू मध्येबाट नै अध्यक्ष, सचिव र कोषाध्यक्ष चयन गरिनेछ ।

घ) वडा खेलकुद विकास समितिको सदस्य सचिवको रूपमा वडा सचिवले कामकाज गर्नेछ ।



## ८. वडा युवा तथा खेलकुद विकास समितिको काम कर्तव्य र अधिकारः

क) वडाभित्र विभिन्न खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने ।

ख) वडा भित्रका युवा तथा खेलाडीहरूलाई खेल प्रति प्रोत्साहन गर्ने ।

ग) गाउँपालिका युवा तथा खेलकुद विकास समितिलाई आवश्यक सहयोग सल्लाह दिने

घ) गाउँपालिका युवा तथा खेलकुद विकास समितिले निर्माण गरेको नियमलाई पालना गर्ने गराउने ।

ङ) खेलकुद सम्बन्धी पुर्वाधार र सामाग्रीको व्यवस्था गर्ने ।

# परिच्छेद-५

## ९. सदस्यको योग्यताः

देहायको योग्यता भएको व्यक्ति गाउँ र वडा युवा तथा खेलकुद विकास समितिको सदस्य हुन योग्य हुनेछ ।

क) नेपाली नागरिक,

ख) २१ वर्ष उमेर पुरा भएको,

ग) खेलकुद क्षेत्रको अनुभव भएको,

घ) प्रचलित कानुनले अयोग्य नभएको वा फौजदारी अभियोग नलागेको ।

## १०. सदस्यको पदावधिः

यस दोरम्बा गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि अनुसार गठन भएका गाउँ तथा वडा खेलकुद विकास समितिका सदस्यहरूको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।

## ११. सदस्यता समाप्तः

देहायको अवस्थामा गाउँ तथा वडा समितिको सदस्यता समाप्त हुनेछ ।

क) खण्ड ७ बमोजिमको योग्यता नभएमा,



Scanned with CamScanner

ख) सदस्यको मृत्यु भएमा,

ग) सदस्यले राजिनामा सम्बन्धित समितिमा दिई सम्बन्धित समितिको अध्यक्षले स्वीकृत गरेमा वा

घ) समितिलाई कारण सहित सुचना नदिई ३ पटक भन्दा बढि समितिको बैठकमा अनुपस्थित भएमा ।

## परिच्छेद-६

### १२. युवा तथा खेलकुद विकास कोषः

गाउँपालिका स्तरीय एक युवा तथा खेलकुद विकास कोष रहनेछ ।

क) गाउँपालिकाद्वारा विनियोजित रकम र खेलकुद कार्यक्रम मार्फत प्राप्त रकम उक्त कोषमा जम्मा हुनेछ ।

ख) खाता संचालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखले संयुक्त दस्तखतमा हुनेछ ।

## परिच्छेद-७

## विविधः

### १३. सुचीकृत गर्नुपर्नेः

यस गाउँपालिका अर्न्तगत रहेका विषयगत (भलिबल, फुटबल, कराते) लगायतका खेलकुद क्लब संस्थाहरू यस गाउँपालिका अर्न्तगत शिक्षा, युवा तथा खेलकुद विकास शाखामा अनिवार्य रूपमा सुचीकृत हुनुपर्नेछ ।

### १४. कार्यविधिको व्याख्याः

यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।



### १५. बचाऊः

यो कार्यविधि लागु हुनभन्दा अगावै गाउँपालिकाले पारित गरी लागु गरेको कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

### १६. छाप तथा लेटरप्याडः

गाउँ युवा तथा खेलकुद विकास समिति र वडा युवा तथा खेलकुद विकास समितिले आ-आफ्नै छुटै छाप र लेटर प्याडको व्यवस्था गर्नुपर्नेछ ।

१७. युवा तथा खेलकुद कार्यक्रम संचालन गर्न गाउँपालिका तथा वडा युवा तथा खेलकुद समिति भित्रबाट आवश्यक फछ्र्यौट समिति गठन गर्न सक्नेछ ।

### १८. शपथ ग्रहणः

गाउँ युवा तथा खेलकुद समितिको संयोजकलाई गाउँपालिकाको अध्यक्षबाट र गाउँ युवा तथा खेलकुद समितिका सदस्यहरुलाई र वडा युवा तथा खेलकुद समितिलाई गाउँ युवा तथा खेलकुद समितिको संयोजकबाट शपथ ग्रहण गरिनेछ ।



Scanned with CamScanner

# शपथ ग्रहण ढाँचा

म.........................जनता/ईश्वरको नाममा शपथ लिन्छु कि गाउँ/वडा खेलकुद विकास समितिको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी खेलकुद विकासका कार्य प्रति वफादार रहि भय पक्षपात वा देष नराखी लोभ लालज मोलाहिजा नगरी अनुशासनमा रहि खेलकुद विकास नियमावली तथा प्रचलित कानुनको व्यवस्थाको अधिनमा रहि आफ्नो कर्तव्य पालना गर्नेछु। मलाई ज्ञात हुन आएको खेलकुद संग सम्बन्धित गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरू कसैलाई म समितिमा रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भन्ने वा संकेत गर्न छैन।

शपथ ग्रहण गर्ने सदस्यको

(क) नामः

(ख) पदः

(ग) दस्तखतः

(घ) मितिः

शपथ ग्रहण गरेको प्रमाणित गर्ने

(क) नामः

(ख) पदः

(ग) दस्तखतः

(घ) मितिः

आज्ञाले,
दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner